मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १४९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख १६ गते मंगलवार (Tuesday, April 28. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

'उत्तर कोरियाली नेता किम जीवितै हुनुहुन्छ': पृष्ठ २



## बाह्रदशी गाउँपालिका शिल

### संक्रमित व्यक्ति दिल्लीस्थित तबलीगी जमातको हेडक्वाटरमा भएको धार्मिक सभामा सहभागी थिए

**बिर्तामोड, बैशाख १५।** अर्को आदेश नहुञ्जेलसम्मका लागि बाह्रदशी गाउँपालिका शिल भएको छ ।

बाह्रदशी गाउँपालिका-४ निवासी एक व्यक्तिलाई कोरोना संक्रमण पुष्टि भएसँगै गाउँपालिकाले थप सर्तकता अपनाउँदै गाउँपालिका शिल भएको हो ।

गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीको अध्यक्षतामा बसेको बैठकले गाउँपालिकालाई शिल (आवतजावत गर्न निषेध) गर्ने निर्णय गरेको हो । संघीय सासद राजेन्द्र लिङ्देनको समेत सहभागितामा गाउँपालिकामा सम्पन्न बैठकले गाउँपालिकाको पूर्वतर्फ कञ्चनगढ, पश्चिममा विरीङ खोला, उत्तरमा पाख्रिवास र दक्षिणमा राधानगर (घाग्रा खोला) सम्मको चारकिल्ला भू-भाग शिल गर्ने निर्णय गरेको गाउँपालिकाका सूचना अधिकारी चेतनाथ न्यौपानेले जानकारी दिए ।

गाउँपालिका अध्यक्ष राजवंशीकै अध्यक्षतामा निषेधित क्षेत्रको समन्वयका लागि ९ सदस्यीय समिति समेत गठन भएको छ । गाउँपालिका उपाध्यक्ष रत्नाकुमारी राजवंशी, वडा नम्वर ३, ४ र ५ नम्वर वडाका वडाअध्यक्षहरु, नेपाल रेडक्रस सोसाइटीका पदाधिकारी सदस्य रहने गरी समिति गठन भएको सूचना अधिकारी न्यौपानेले बताए ।

नयाँदिल्लीस्थित निजामुद्दिनमा मुस्लिम संस्था तबलीगी जमातको हेडक्वाटरमा भएको धार्मिक सभामा सहभागी भएर घर फर्किएको ४५ दिनपछि उनमा कोरोना संक्रमणको पुष्टि भएको थियो ।

आइतबार विराटनगरको कोशी अञ्चल अस्पतालमा गरिएको पीसीआर परीक्षण्का क्रममा ५० वर्षीय उनमा कोरोना संक्रमणको पुष्टि भएसँगै गाउँमा त्रास फैलिएको छ । गत मार्च १देखि १५ मार्चसम्म चलेको सभामा सहभागी हुन उनी मार्च ३ गते दिल्ली पुगेका थिए । मार्च ११ मा घर फर्किएका उनको यस अघि दुईपटक आरडीटी परीक्षण गर्दा कोरोना संक्रमण देखिएको थिएन । उनको गत बैशाख ४ पहिलोपटक र शनिवार मात्रै दोस्रो पटक आरडीटी परीक्षण गरिएको थियो ।

योसँगै झापामा कोरोना संक्रमितको संख्या दुई पुगेको छ । यस अघि बैशाख १२ गते दमक निवासी ६२ वर्षीय पुरुषमा पनि कोरोना संक्रमण भएको पुष्टि भएको छ । कोरोना संक्रमणको पुष्टि भएसंगै दमक नगरपालिकाले समेत उच्च सर्तकता अपनाएको छ ।

**'लकडाउन' कडा पार्न निर्देशन**

'लकडाउन'लाई थप कडा पार्न गृह मन्त्रालयले

(बाँकी अन्तिम पृष्ठमा)



## सात जन्ती ! कांग्रेस नेता सिटौलाका छोराको बिहेमा

### विहे भोजको ५ लाख रुपैयाँ कोरोना उपचार र राहतमा



**बिर्तामोड, बैशाख १५।** विवाह गर्नेहरुका लागि सवैभन्दा उत्तम महिना वैशाख हो । सामान्यतया: वैशाख महिनाबाट विवाहको लगन शुरु हुन्छ ।

वैशाखदेखि सयौं जोडी लगनगाँठोमा कसिएर नयाँ जिन्दगीको शुरुवात गर्छन् । बैशाख महिनाको अक्षय तृतीयाको दिन विवाह गर्नेहरुका लागि उत्तम साइत मानिन्छ । यो दिन भगवान् शिव र पार्वतीको विवाह भएकाले यसदिन धेरैले विवाह गर्ने गरेका छन् ।

बैशाख महिनाका विवाहका लगनहरु धेरै हुने भए पनि यसवर्ष भने वैशाखमा विवाह गर्नेहरुको सपना केवल सपनामै सीमित भएको छ । विश्वमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको संक्रमणले देशलाई आक्रान्त पारेपछि वैशाखमा विवाह गर्नेहरुको सपना केवल सपनामै सीमित भएको छ ।

कोरोना भाइरसको संक्रमणवाट बच्न सरकारले गत चैत ११ गतेदेखि शुरु गरेको लकडाउनका कारण र सरकारले २५ जनाभन्दा धेरै भेला भएर कुनै पनि सामाजिक, घरायसी कार्यक्रम नगर्न गरेको आग्रहका कारण सामाजिक दुरी कायम गर्नुपर्दा धेरैको विवाह, व्रतवन्ध लगायतका भेला भएर हुने कार्यक्रम रोकिएका छन् । पहिले नै तय गरिएका विवाहका कार्यक्रम भने सामाजिक दुरी कायम गर्दै नगन्य मात्रामा हुने गरेको छ ।

लकडाउनकैबीच झापाको विर्तामोडमा आइतवार अक्षय तृतीयाको दिन सामाजिक दुरी कायम गर्दै विवाह कार्यक्रम सम्पन्न भएको छ । झापाको बिर्तामोड-५ जात्रुबाडी चोक निवासी व्यवसायी तथा सामाजिक व्यक्तित्व ओमकृष्ण बिमली र पार्वता खरेल बिमलीकी छोरी मनिषा बिमलीको विवाह

(बाँकी अन्तिम पृष्ठमा)

## रमजान घरमै मनाउन मुस्मिल संघको आव्हान

**झापा, बैशाख १५।** कोरोना भाइरसले विश्वमा महामारीको रुप लिइरहेका बेला नेपाल मुस्लिम संघ झापाले सबैलाई आफ्नो स्वास्थ्यको ख्याल गर्न आग्रह गरेको छ ।

झापाका दुई ब्यक्तिमा कोरोनाको संक्रमण देखिएको भन्दै संघले सबैलाई सचेत हुन आग्रह गरेको हो । मुस्लिम धर्मावलम्बीले सामाजिक दूरी कायम गर्दै घर-घरमै रही एक महिने कठोर रमजान व्रत शुरु गरेको बताउँदै झापाका अध्यक्ष अमिन अली शेखले विदेशबाट कोही पनि व्यक्ति आएको भए तुरुन्त नजिकैको प्रहरी तथा स्थानीय निकायमा सम्पर्क गर्न आग्रह गरेका छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

## रोङवासी ल्याउन अध्यक्ष काठमाडौमा

**गणेश अर्याल**

**रोङ, बैशाख १५।** बन्दाबन्दीको कारण काठमाडौमा रहेका रोङबासीलाई रोङ गाउँपालिकामा ल्याइने भएको छ ।

रोङ गाउँपालिकाका अध्यक्ष शमसेर राईसहित स्वास्यकर्मीहरु नरेन्द्रकुमार देब, खगेन्द्र खतिवडा र गजेन्द्र अधिकारी लगायतको टोली उनीहरुलाई लिन काठमाडौं गएको हो ।

बिभिन्न कामको सिलसिलामा राजधानी रहेकाहरुलाई गाउँपालिकाले फर्काउन लागेको हो । कोभिड -१९ महामारीको रुपमा फैलिएकाले आफ्ना नागरिकलाई गाउँ फर्काउन लागेको गाउँपालिका उपाध्यक्ष



चन्द्रकला राईले बताइन् । गाउँपालिकाका एक सय २४ जनालाई यो पटक रोङमा ल्याउने तयारी भएको छ । ३ वटा बसमा मंगलबार बेलुका काठमाण्डौबाट रोङबासीलाई ल्याउने सबै तयारी भइसकेको उपाध्यक्ष राईले जनाएकी छिन् । घर आउन चाहने रोङबासीले गाउँपालिकाले बनाएको क्वारेन्टाइनमा १४ दिनसम्म अनिबार्य बस्नु पर्ने जनाइएको छ ।

पछिल्लो ३ दिनमा इलाम फर्कने नागरिकहरु बस तथा सानो गाडीमा जिल्ला पसिरहेको जनाइएको छ । दैनिक ५ देखि १० वटासम्म बसमा मानिस इलाम झापा सीमाना जोरकलशबाट उकालो लाग्ने गरेको जनाइएको छ । जिल्ला प्रशासन कार्यालय इलाम र जिल्ला समन्वय समितिले अन्य जिल्लाको मानिस नल्याउने निर्णय गरेपनि फर्कने क्रम भने रोकिएको छैन ।




## महिला हिंसा तथा बलात्कार बढ्यो

**सीमा त्रिताल**

**काठमाडौँ, वैशाख १५।** चीनको हुबेई प्रान्तको बुहान शहरबाट उत्पत्ति भएको कोरना भाइरसले अहिले महामारीको रूप लिएको छ । जसका कारण विश्वभरि २ लाखभन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने संक्रमितको संख्या ३० लाख नाघेको छ । अझै पनि कोरोना भाइरस तीव्र गतिले फैलिइरहेको छ ।

नेपालमा प्रदेश नम्बर १ अन्तर्गतको जिल्ला उदयपुर अहिले कोरनाको इपिसेन्टर बनेको छ । उदयपुरमा एकैपटक १२ जना, ८ जना र थप ३ जनामा कोरोना पुष्टि भएसँगै नेपालमा संक्रमितको सख्या ५२ पुगेको छ । अहिले नेपालसँगै विश्वका १ सय १८ वटा देशमा लकडाउन छ । सामाजिक दूरी कायम गर्न सरकारले आग्रह गरेको छ । सामजिक दूरीले कोरोना त घट्यो तर महिला हिंसा र बलात्कारका गम्भीर घटना घट्न सकेका छैनन् ।

मुलुकमा लकडाउन अवधिभरिमा ९० वटा बलात्कार र ७४ वटा महिला हिंसाका घटना प्रहरीमा दर्ता भएका छन् । जसमध्ये १६ वर्षमुनिका दर्जनौं बालिका बलात्कृत भएको खबरहरू आइरहेका छन् ।

कैलालीको गौरीगंगा नगरपालिका १ की १७ वर्षीय युवती सामुहिक बलात्कृत भएकी छन् । आफन्तको घरबाट आफ्नो घर फर्किंदै गरेकी ती युवती बाटैमा बलात्कृत भएकी हुन् । कञ्चनपुरको भीमदत्त नगरपालिका -११ मा एक १५ वर्षीय बालिकालाई ६८ वर्षीय तारा ओझाले बलात्कार गरेको खबर आएको छ । रौतहट फतुवा विजयपुर नगरपालिका -६ मा १० वर्षे सुस्त मनस्थिति भएकी नाबालिकालाई ५५ वर्षीय पुरुषले बलात्कार गरेको खबर बाहिर आएको छ । यी त केही उदारण हुन् ।

देशभरि चैत्र ११ गते देखि लकडाउन छ । आवतजावत रोक लगाएको छ । यस बीचमा बाहिरको मानिसभन्दा आफन्त र छिमेकीबाटै महिला तथा बालिकाहरू बलात्कृत भइरहेका देखिन्छन् । नेपाल प्रहरीको तथ्यांक अनुसार नेपालमा प्रतिदिन सरदर ६ वटा बलात्कारको घटना हुने गरेको छ भने अहिले लकडाउनमा प्रतिदिन ३ वटा घटना दर्ता भइरहेका छन् ।

**बलात्कारका घटनामा निरन्तर वृद्धि**

आर्थिक वर्ष ०६९/०७० मा मुलुकभर ६ सय ७७ वटा बलात्कारको घटना भएका थिए । त्यस्तै आर्थिक वर्ष ०७०/०७१ मा ९ सय ५ , आर्थिक वर्ष ०७१/०७२ मा ९ सय ८१, र आर्थिक वर्ष ०७२/०७३ मा १ हजार ८९ वटा बलात्कारको घटना भएका थिए । तथ्यांक हेर्दा गएको ५ वर्षमा यसमा सुधार हुनुको साटो निरन्तर वृद्धि भएको देखिन्छ । बरु मुलुकमा हाइ प्रोफाइल भएका व्यक्तिलाई समेत बलात्कारको आरोप लागेको देखिन्छ । नेपालमा गत वर्ष सभामुख कृष्णबहादुर महरालाई बलात्कारको आरोप लागेपछि सभामुख जस्तो गरिमामय पद गुमाउनु परेको थियो । साथै ९ महिना जेलसमेत बस्नु परेको थियो । त्यस्तै राजधानीको दरबारमार्ग स्थिति एक होटेलमा एक भिआईपीको छोराले ३ जना साथीसहित कैलालीकी चौधरी थर भएकी एक युवतीलाई सामुहिक बलात्कार गरेको थियो ।

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नाम:** राष्ट्रिय बाणिज्य बैंक
**शाखा:** सिंहदरबार परिसर
**खाताको नाम:** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

# रिलिज भएको छोटो समयमै युट्युबमा फिल्म



चलचित्र 'लभ डायरिज' फागुणको २ गते हलमा रिलिज भएको थियो । सौरभ चौधरी निर्देशित यो चलचित्रले हलमा गतिलो व्यापार गरेन । दर्शकले चलचित्रलाई मिश्रित पतिक्रिया दिए ।

यो चलचित्र रिलिज भएको २ महिनामै यसलाई युट्युबमा रिलिज गरिएको छ । अहिले यो चलचित्रलाई युट्युबमा रामो भ्युज मिलिरहेको छ । निर्माणपक्ष पनि युट्युबमा दर्शकले दिएको प्रतिक्रिया र भ्यूजबाट खुशी छ ।

तर, हलबाट निर्मातालाई खुशी बनाउन नसकेको यो चलचित्रलाई युट्युबमा दर्शकले निःशुल्क मन पराउँदा निर्माणपक्ष खुशी हुनुपर्ने ठूलो कारण नहुन सक्छ । अर्कोतिर, लकडाउनका कारण दर्शकको रामो साथ मिल्छ भनेर यसको निर्माणपक्ष र यसको डिजिटल राइटस खरिद गरेको कम्पनीले युट्युबमा रिलिज गर्न हतार गरेको हुनसक्छ । त्यस्तै, गत भदौमा रिलिज भएको चलचित्र 'पासवर्ड' पनि युट्युबमा आइसकेको छ । यस चलचित्र युट्युब ट्रेण्डिङमा लामो समय बस्यो । भ्यूज पनि राम्रै कमायो । तर, प्रतिक्रिया भने सुखद् भएन ।

लकडाउन भएसँगै चलचित्र 'पोई पऱ्यो काले' पनि युटुबमा रिलिज भयो । यो चलचित्र युटुबमा आएसँगै यसको निर्माणपक्ष र कलाकार पनि दंग देखिए । हलमा औषत चलेको यो चलचित्रलाई युट्युबमा रूचाइयो ।

दर्शकको सुखद् प्रतिक्रिया र भ्युजले यसको निर्माणपक्षलाई खुशी त दिलायो, तर यसले चलचित्र क्षेत्रलाई ठूलो फाइदा भने हुँदैन ।

किनकि हलमा रिलिज भएको छोटो समयमा नै युट्युबमा चलचित्र आउँछन् भन्ने दर्शकलाई पर्न थाल्यो भने भोलि हलमा यसको असर देखिने पक्का छ । नेपाली चलचित्र युट्युबमा रिलिज भएका कारण पनि हलमा दर्शकको चाप कम भएको तर्क यस अगाडि नगरिएको होइन । कतिपय चलचित्र निर्माताले युट्युबमा चलचित्र रिलिज गर्न लामो समय लगाउँछन् ।

# वर्षारम्भमा यमघण्ट योग

## राज्यकातर्फबाट स्वस्ति शान्ति हुनुपर्ने

**झापा, बैशाख १५।** मूल नक्षत्र र षष्ठी तिथिमा वि.सं. २०७७ शुरु भएकाले शास्त्रीय विधिअनुसार राज्यका तर्फबाट स्वस्ति शान्ति गर्नुपर्नेमा संहिताशास्त्रीले जोड दिएका छन् ।

वैशाख १ गते मूल नक्षत्र एवम् षष्ठी तिथि पर्दा यमघण्ट योग बनेकाले मेदिनी ज्योतिष अनुसार बताइएको शान्तिको विधि गर्नुपर्ने संहिताशास्त्री अर्जुनप्रसाद बाँस्तोलाले बताए । मयूरचित्रकम् नामको ज्योतिष ग्रन्थमा षष्ठी तिथि र मूल नक्षत्रको योग पर्दा यमघण्ट योग हुने उल्लेख गरिएको छ । सोही ग्रन्थमा यसको दोष निवारणको विधि बताइएको पनि उनले बताए ।

मुहूर्तमार्तण्ड र मुहूर्तचिन्तामणि नामक ज्योतिषग्रन्थमा पनि यो योगका विषयमा बताइएको छ । नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठका सहप्राध्यापक डा. माधवप्रसाद पाण्डेय मूलको अन्तिम पाउको योग परेकाले धेरै क्षति हुने योग नभए पनि राज्यका तर्फबाट शान्ति गर्दा अझ राम्रो हुने बताउँछन् ।

ज्योतिषशास्त्र अनुसार यमघण्ट योग परिराख्ने भए पनि वर्षको पहिलो दिन सङ्क्रान्तिमै परेकाले बढी शक्तिशाली बनेको संहिताशास्त्री बाँस्तोलाको भनाइ छ । वर्षको ग्रहपरिषद् अनुसार बुध राजा र चन्द्रमा मन्त्री पदमा छन् । ज्योतिष शास्त्रअनुसार राजकुमार राजा र राजा मन्त्रीका रुपमा रहेकाले विश्व शासन व्यवस्थामा अविवेक उदय एवम् महत्वाकांक्षाका कारण प्रचारबाजीले स्थान पाउने नेपाल पञ्चाङ्ग निर्णायक समितिले स्वीकृत गरेको सूर्य पञ्चाङ्गमा उल्लेख छ ।

वर्षामा रोग फैलने, गाई, बाखाजस्ता घरेलु चौपायाका साथै हात्ती, घोडा, ऊँटलगायत जनावरमा रोगको प्रकोप हुने समितिको सदस्य सचिवसमेत रहनुभएका पञ्चाङ्गकार सूर्यप्रसाद ढुङ्गेलले बताए । बृहस्पतिका कारण बेसारलगायत पहेँला वस्तुप्रति सबैको रुचि बढ्ने छ । फलेश सूर्यका कारण पृथ्वीमा फल र फूल प्रशस्त उत्पादन हुनेछ । जगल्लग्न कुण्डली अनुसार लग्नेश मङ्गल तृतीयस्थानमा बृहस्पति र शनिको साथमा मित्रगृही भएर बसेका कारण विश्वव्यापी कोरोना भाइरसको सङ्क्रमण फैलिएको सहप्राध्यापक पाण्डेय बताउँछन् । राजा रणबहादुर शाहका पालामा फैलिएको बिफरको महामारी र दोस्रो विश्वयुद्धका बेलासमेत यस्तै ग्रहयोग परेको ज्योतिषका पण्डितको विश्लेषण छ ।

बृहस्पति (गुरु) का कारण उचित वर्षा हुनाले धान आदि अन्नको प्रशस्त उत्पादन हुनेछ । दुग्ध पदार्थको उत्पादन समेत बढ्नेछ । नासपाती, अङ्गुरजस्ता फलको मूल्य सस्तो हुनेछ । बृहस्पतिका कारण व्यापारी वर्ग खुशी र सुखी हुनुका साथै व्यापारघाटा समेत घट्ने वर्षफल सूर्य पञ्चाङ्गले उल्लेख गरेको छ ।

# घर जान पाउँदा...

पाँचथरको कुम्मायक-१ यासोकका टेकवीर लावती हिउँदभरि काठमाडौँमा ज्यामी काम गर्छन् । बर्खा लागेपछि गाउँ फर्कन्छन्, खेतीपाती गर्छन् । छ जनाको परिवार पाल्ने लावतीको आधार यासोकको खेतीपाती र काठमाडौँको रोजगारी हो । चैत लाग्दै थियो, गाउँ जाने तयारी गर्दै थिए उनी । चैत ९ गते साथीहरुले सुनाए- अब पूरै देश बन्द हुन्छ रे । गाउँ जाने तयारी गरौँ- लावतीले भने- तर मालिकले चैत १२ गते पारिश्रमिक दिने बताए । हामी त विलखबन्दमा पऱ्यौँ । चैत ११ गतेबाट लकडाउन शुरु भयो । उनी काठमाडौँमै अड्किए ।

परिवार एकातिर छन्, आफू अर्कातिर छु । परिवार चलाउन जम्मा गरेको पैसाले महिना दिन खाएँ । भाग्यले आज घर जान पाएको छु, आइतबार फिदिममा भेटिएका लावतीले भने- अझै कतिदिन क्वारेन्टाइनमा बस्नुपर्ने भन्छन् । पैसा नलिए त राम्रै हुन्थ्यो । पक्कै रोग सरेको छैन होला । पाँचथरका स्थानीय तहले काठमाडौँमा अलपत्र परेका स्थानीयवासीलाई उद्धार गरी ल्याउने क्रममा लावतीले घर आउने अवसर पाएका हुन् । काठमाडौँमा खोजेर यहाँसम्म ल्याउनुभयो । एक पैसो खर्च पनि भएको छैन- लावतीले स्थानीय तहका जनप्रतिनिधि र काठमाडौँमा उद्धार गर्ने व्यक्तिलाई धन्यवाद दिँदै भने- परिवारसँग छुटेर कोठामा थुनिएर बस्नुपर्दा साह्रै दुःख भयो । आज घर आउन पाउँदा खुशी भएँ । अब त नानीहरु (छोराछोरी)लाई यासोक ( क्वारेन्टाइन)मै भए पनि देख्न पाउँछु ।

काठमाडौँ उपत्यकामा अलपत्र परेका जिल्लावासीलाई काठमाडौँमा सक्रिय पाँचथरवासीका सामाजिक संघ-संस्थाको पहलमा जिल्ला ल्याइएको हो । उक्त कार्यमा यहाँबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङसहित पूर्वसांसदहरु, प्रदेशसभा सदस्यहरु तथा स्थानीय तहले विशेष पहल गरेका हुन् । शुक्रबार र शनिबार मात्रै काठमाडौँमा रहेका २९२ जना जिल्ला आइपुगेको सहायक प्रमुख जिल्ला अधिकारी निर्मल तुम्रोकले जानकारी दिए ।

यसरी आउनेमै पर्छन् जिल्लाको मिक्लाजुङ गाउँपालिका-८ दुर्दिम्बाकी मञ्जु लिम्बू पनि । घर आउने तयारीमै थियौँ । नानीको परीक्षा सकिँदै थियो । श्रीमान्को बिदा मिलेको थिएन, घर जाने क्रममा फिदिम आइपुगेकी लिम्बूले भनिन्- सानो नानीसँग रातारात हिँड्नुपऱ्यो । अझै घर पुग्ने टुङ्गो छैन । लकडाउन लागू गर्ने निर्णय समयमै नहुँदा काठमाडौँ तथा जिल्ला आउने क्रममा बाटोमा ठूलो सास्ती भोग्नुपरेको उनको अनुभव छ । नानीसँग क्वारेन्टाइनमा छु । छिटो परीक्षण गरी होम क्वारेन्टाइनमा पठाइदिनु भए हुन्थ्यो, लिम्बूले भनिन् । काठमाडौँबाट घर फर्किनेमा पीडा र खुशीको सम्मिश्रण भेटिन्छ । कोही साँच्चै समस्यामा परेर गाउँ फर्केका छन् त कोही आफन्त र छरछिमेकी गाउँ जाने भएपछि काठमाडौँमै बस्न सक्ने हुँदाहुँदै पनि घर फर्केका छन् । घर जाने क्रममा काठमाडौँबाट फिदिम आइपुगेएका जिल्लाको मिक्लाजुङ-३ आरुबोटेका धनकुमार फियाकले भने- रासन सकिएको थियो । पर्याप्त राहत पनि पाइएको थिएन । धन्न घर आउने मौका पाएँ । निकै दुःख भए पनि गाउँ आउन पाउँदा बेग्लै आनन्द भयो ।

कोभिड-१९ सङ्क्रमणको जोखिम न्यूनीकरणका लागि लकडाउन घोषणा भएको एक महिनापछि काठमाडौँ उपत्यकामा अलपत्र जिल्लावासीको उद्धार गरिएको हो । यसरी उद्धार गरिएकालाई जिल्लामा ल्याई यहाँस्थित क्वारेन्टाइनमा राखिएको छ । गाउँमा सङ्क्रमण फैलने त्रास हुने हुनाले सबैलाई क्वारेन्टाइनमा राख्ने प्रवन्ध गरेका हौँ । शीघ्र डाइग्नोस्टिक परीक्षण (आरडिटी) गरेपछि होम क्वारेन्टाइनमा बस्ने गरी घर फर्काउन स्थानीय तहहरुलाई आग्रह गरेका छौँ- प्रमुख जिल्ला अधिकारी अर्जुनकुमार शर्माले भने ।

## महिला ...

### घरेलु हिंसा झनै बढ्यो

महिलाहरूलाई उनीहरूको अधिकार र स्वतन्त्रताको उपयोगबाट बञ्चित गर्नु महिला हिंसा हो । महिला हिंसा लिंगको आधारमा गरिने हिंसा हो । महिला स्वतन्त्रताको हकलाई बञ्चित गराउनु नै महिला हिंसा हो । लिङ्गको आधारमा विभेद, शारीरिक, मानसिक पीडा, यौन क्रियाकलाप, अपमान, घुम्टो प्रथा, दाइजो, कुटपिट आदि महिला हिंसा हुन् ।

मुलुकमा कूल जनसंख्याको आधाभन्दा बढी संख्या महिलाको छ । नेपाल गरीब मुलुक हो, यहाँ बेरोजगारी लाखौँको संख्यामा रहेको छ । विभिन्न तथ्यांकका अनुसार अहिले ५० लाख नेपाली वैदेशिक रोजगारीमा रहेका छन् । यसै परिवेशमा अहिले महिला हिंसाको स्वरूपमा परिवर्तन आएको छ ।

वैदेशिक रोजगारीमा रहेका पुरुषले घरमा श्रीमती हुँदा समेत उतै बिहे गर्ने वा अरुसँग लागेको घटना धेरै देख्न सकिन्छ । त्यसकारण घरमा रहेको श्रीमती र छोराछोरी हिंसाका शिकार बनेका छन् । वैदेशिक रोजगारीमा रहेका नेपालीको तथ्यांक हेर्दा घरमा रहेको हजारौं महिला हिंसा भोगिरहेका छन् ।

देशको नीति निर्माण तहमा महिलाको प्रतिनिधि औलामा गन्न सकिन्छ । पुरुषको हातमा रहेको सत्ताले महिलाको प्रतिनिधित्व हुनुबाट बन्चित गराइरहेकै छ । जबसम्म महिलालाई कागजमा होइन मानसिक रूपमा बराबर व्यवहार र सम्मान पाउँदैनन् तबसम्म महिला पुरुषको दास बनिरहनेछन् ।

### कानूनमा बलात्कारीलाई सजायको व्यवस्था

नयाँ संविधानले महिला अधिकारको केही मुद्दालाई सम्बोधन गरेको छ । बलात्कारीलाई कारबाहीको व्यवस्था छ । आफ्नै आमा-छोरा वा बुवा-छोरीको जबर्जस्ती करणी भएको अवस्थामा जन्म कैदको सजाय रहेको छ ।

१० वर्षमुनिका बालिकालाई बलात्कार गरेको खण्डमा १६ देखि २० वर्ष, १० वर्षभन्दा माथि १४ वर्षमुनिका हकमा १४ देखि १६ वर्ष, १४ वर्षभन्दा माथि १६ वर्षमुनिका हकमा १२ देखि १४ वर्ष, १६ वर्ष भन्दामाथि १८ वर्षमुनिका हकमा १० वर्ष देखि १२ वर्ष र १८ वर्ष भन्दामाथिको हकमा ७ देखि १० वर्षको कैद सजायको व्यवस्था रहेको छ ।

वैवाहिक सम्बन्ध कायम रहेको अवस्था पतिले पत्नीलाई जबरजस्ती करणी गरेको खण्डमा ५ वर्ष सजाय व्यवस्था गरेको छ । आफ्नै हाँगा तथा पुस्ताभित्रै जबरजस्ती करणीको हकमा ४ देखि १० वर्षसम्मको सजाय रहेको छ । अझ थुप्रै प्रकारका जबरजस्ती करणी तथा यौनजन्य अपराधमा कडा सजायको व्यवस्था कानूनले गरेको छ । तर, बलात्कारका घटना कम भएका छैनन् । यसको मुख्य कारण छ, कानूनको प्रभावकारी कार्यान्वयन नहुनु ।

लकडाउन भएको बेला कोरना भाइरस महामारीमा समेत घरेलु हिंसा तथा बलात्कारको घटना हुनु दुःखद् रहेको छ । सामाजिक दूरी कायम गरेको अवस्थामा पनि महिला हिंसा, यौनजन्य अपराध तथा बलात्कारका घटना बढेका छन् । अहिले समुदायमा महिला सबैभन्दा असुरक्षित रहेका छन् । हुन त महिला पहिले पनि आफ्नै परिवारबाट सुरक्षित थिएनन् ।

अहिले पनि आफ्नै परिवारको सदस्य तथा आफन्तबाट महिला बलात्कृत हुने गरेका छन् । यहाँ सम्म कि आफ्नै बुवाले छोरीलाई बलात्कार गरेको घट्ना थुप्रै छन् । त्यसकारण महिला परिवारमा समेत सुरक्षित छैनन् ।

२०५० सालपछि मुलुकमा थुप्रै परिवर्तनहरू भए । १० वर्षे माओवादी जनयुद्ध, ०६२/०६३ को जनाअन्दोलन, राजतन्त्र अन्त्य, गणतन्त्रको स्थापना, नयाँ संविधान, संघीयता, समावेशिता, राजनीतिक स्थिरता आदि । तर, महिलामाथि हुँदै आएका अत्याचार, घरेलु हिंसा तथा यौनजन्य अपराधमा कुनै परिवर्तन भएन । बरु त्यसका स्वरूप परिवर्तन भयो ।

नेपालका इतिहासको बर्बरतापूर्ण बलात्कार काण्ड निर्मला पन्तले अहिलेसम्म न्याय पाएकी छैनन् । निकै लामो समयसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चर्चा पाए पनि यो काण्डमा अहिलेसम्म दोषीले सजाय पाएका छैनन् । बलात्कारीलाई प्रहरीले नै मिलोमतो गराउने र राजनीतिक दबाब दिइने प्रवृत्तिले गर्दा अहिलेमम्म बलात्कार न्यूनीकरण हुन सकेको छैन ।

लकडाउनमा मानिसहरू बाँच्नलाई संघर्ष गरिरहेका छन् । अति आवश्यक बाहेक अन्य सबै क्षेत्र बन्द छन् । मानिसहरू मानसिक तनाव र भोकमरीमा छ । तर, कति मानिसहरू पेटको भोकभन्दा शरीरको भोक मेटाउन यौनजन्य अपराध गरिरहेका छन् । बलात्कारीको लागि लकडाउन मौका जस्तै भएको छ । घरका सदस्यलाई छलेर वा विभिन्न प्रलोभन देखाई बलात्कार हुने गरेको छ । अहिलेको विश्व कोरना महामारीको समयमा पनि बलात्कारको घटना रोकिएका छैनन् । लकडाउनमा महिला असुरक्षित छन् ।

अहिलेको सन्दर्भमा महिला हकहितका लागि बनेका जति पनि ऐन कानून छन् तिनको सशक्त रूपमा कार्यान्वयन गर्नु नै महिला हिंसा र बलात्कार रोकथामको उपाय हो ।

## रमजान ...

उनले कुनै पनि व्यक्तिलाई नलुकाउन अनुरोध गर्दै विदेशबाट आएको भए अनिवार्य स्वास्थ्य जाँच गराउन आग्रह गरेका छन् । एक महिनाभर मुस्लिम समुदायले बिहान सूर्योदय हुनुअघिदेखि सूर्यास्त नभएसम्म पानीसमेत खाँदैनन् ।

व्रतका बेला मुस्लिम समुदायले मस्जिदमा गई कुरानको केही भागका रुपमा नमाज पढ्ने गरेकामा यस वर्ष कोरोना भाइरसको जोखिम हुन नदिन जारी बन्दाबन्दीले घरमै बसेर व्रतलगायत नमाज पढ्ने विधि गरिरहेका छन् । एक महिनापछि व्रत समापनका अवसरमा पनि सामाजिक दूरी कायम गरेर इदुल फित्र मनाइने तयारी भइरहेको अध्यक्ष शेख जानकारी दिए ।

मुस्लिम आयोगले घर घरमै रमजान पर्व मनाउन आव्हान गरेको छ । घरमा बस्दा समेत सामाजिक दुरी कायम गर्न अध्यक्ष शेखले आग्रह गरेका छन् । अध्यक्ष शेखले कोरोना भाइरसले महामारीको रुप लिइरहेका बेला यसलाई जाति तथा धार्मिक आस्थाका आधारमा अफवाह नफैल्याउन आग्रह गरेका छन् । रोग कुनै जाति र धर्म विशेषको नहुने भन्दै उनले सबैलाई आफ्नो स्वास्थ्यको ख्याल गर्दै लकडाउनको पूर्ण पालना गर्न अनुरोध गरेका छन् ।

## बाह्रदशी ...

मातहतका निकायलाई निर्देशन दिएको छ । मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै पासविनाका कुनै पनि सवारी साधन आवतजावतमा रोक लगाउन निर्देशन दिएको गृह मन्त्रालयले जनाएको छ ।

बीचबाटामा पुगेका र विचल्लीमा परेका मजदूर र सर्वसाधारणलाई उद्धारका लागि साँझको समयमा केही दिन सवारी सञ्चालनमा अनौपचारिकरुपमा खुकुलो गराइएकाले अधिकांशको उद्धार भइसकेको गृह मन्त्रालयको ठहर छ । त्यसैले मन्त्रालयले आइतवारदेखि पासविनाका सबै प्रकारका सवारी साधन सञ्चालनमा रोक लगाउन भनेको हो ।

हुलमूलका साथ सवारी साधनमा यात्रा गर्दा कोभिड-१९ सङ्क्रमण भएर थप जटिलता निम्त्याउनसक्ने खतरालाई ध्यानमा राखेर उक्त निर्देशन दिइएको मन्त्रालयले जनाएको छ । लकडाउनलाई सरकारले वैशाख २५ गतेसम्म लम्ब्याएको छ । अहिलेसम्म मुलुकमा ५२ जनामा कोभिड- १९ सङ्क्रमण पुष्टि

## सात ...

नेपाली काँग्रेसका प्रभावशाली नेता, पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाका छोरा श्याम प्रसाद सिटौलासँग सम्पन्न भएको हो ।

तीन महिनाअघि नै बैशाख १४ गते अक्षय तृतीयाको दिन विवाहको कुरा छिनेर साइत तोकेको र उक्त दिन विवाहको उत्तम साइत रहेकाले लकडाउनले विवाहमा जमघट हुने अवस्था नभएपनि साइत नछोडेको वताइएको छ ।

विवाहका लागि नेता सिटौलाले लकडाउनको पालना गर्दै बेहुला छोरा श्याम र आफ्ना दुई अंगरक्षक र अन्य तीनजना गरी ७ जना मात्र जन्ती लिएर वेहुलीको घर गएका थिए भने वेहुलीको घरमा स्वागतका लागि १५ जनाको उपस्थिती रहेको थियो ।

नेता सिटौला पूर्व उपप्रधानमन्त्री, नेपाली कांग्रेसका प्रभावशाली नेता, राष्ट्रियस्तरमा परिचित राजनीतिक व्यक्तित्व भएकोले उनको छोराको विवाहको जन्तीमा मन्त्री, विशिष्ट नेता, प्रभावशाली व्यक्तित्वहरू र कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता हुने निश्चित थियो । त्यस्तै बिमली पनि विर्तामोडका एक प्रतिष्ठित व्यवसायी र विभिन्न संघ-संस्थामा आवद्ध भएकाले विशिष्ठ व्यक्तित्वहरू लगायतको जमघट हुने भए पनि दुवै परिवारले लकडाउनको पालना गरेका थिए ।

विवाहमा आएका जन्तीलाई प्रवेश गर्नु अघि गेटकै छेउमा राखेको साबुन पानीले हात धुन लगाइएको थियो भने हात धोई सकेपछि सेनिटाइजर हातमा लगाएर मात्र प्रवेश गराइएको थियो । बेहुला र बेहुलीसहित विवाहमा उपस्थित सबैले मुखमा अनिवार्य मास्क लगाएका थिए । विवाहस्थलमा बाजागाजा केही थिएन, माहोल शान्त र सुनसान थियो । आएका जन्ती र बेहुलीका आफन्तजन सामाजिक दूरी कायम गरेर एक आपसमा बसेका थिए । विवाहको कर्म गर्दा आलोपालो संग गरिएको थियो । बुहारी घर भित्र्याएपछि रीतिरिवाज अनुसार समाजमा भोज दिनुपर्ने चलन भए पनि लकडाउनमा भोज दिन नपाइने भएपछि सिटौला दम्पत्तिले भोजको रकम स्थानीय तहलाई प्रदान गरेका छन् ।

विवाहको भोलिपल्ट नेता सिटौलाका छोरा श्याम र बुहारी मनिषाले नगरपालिका तथा गाउँपालिकाले स्थापना गरेको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा भोजको खर्च प्रदान गरेका छन् ।

भद्रपुर नगरपालिका, कचनकवल, हल्दिवारी र बाह्रदशी गाउँपालिकालाई १ लाखका दरले र आफ्नो घर रहेको भद्रपुरको १० नम्वर वडा र आफ्नो खेती किसानी रहेको विर्तामोडको १० नम्वर वडालाई ५० हजारका दरले जम्मा ५ लाख रकम स्थापना गरेको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा स्थानीय सरकारको कोरोना राहत कोषमा प्रदान गरेको बेहुला श्यामले जानकारी दिए ।

नेता सिटौलाका छोरा श्यामसहित नेपाली कांग्रेस ३ नम्बर क्षेत्रीय अध्यक्ष गणेश पोखरेलसहित जनप्रतिनिधि र कार्यकर्ताको टोलीले भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठलाई रकम हस्तान्तरण गरेको थियो । त्यस्तै वडा नम्बर १०का अध्यक्ष टेकबहादुर खड्कालाई समेत कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा ५० हजार रुपैयाँ हस्तान्तरण गरिएको श्यामले बताए । त्यसैगरी अन्य स्थानीय तहमा समेत रकम हस्तान्तरण गरिएको उनले बताए ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

बिर्तामोड खानेपानीको महशुल अब घरबाटै

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आम उपभोक्ताको हितलाई ध्यान राख्दै २०७७ बैशाख १४ गते आइतवारदेखि अनलाइनबाट खानेपानीको महशुल भुक्तानी गरिने सेवा शुरु गरेको जानकारी गराउँदछौं ।

अब खानेपानीका ग्राहकले फोन पे नेटवर्क, कनेक्ट आइपियस, क्यूआर कोर्ड पेमेन्ट, बालेट इन्ट्रीगेसन, ई-सेवा, खल्ती एप्स डाउनलोड गरी अनलाइनबाट खानेपानीको महशुल बुझाउन हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
बिर्तामोड, झापा


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# शिक्षा पनि बनोस् महामारी

कृषि उत्पादनले बजार नपाउँदा झापाली किसान पीडामा रहेका छन् । विश्वब्यापी बनेको कोरोना भाइरसको बिस्तार रोक्न बन्दाबन्दी गरिएपछि उत्पादित वस्तु बजारसम्म पुऱ्याउन नसकेर यहाँका किसान पीडामा परेका हुन् । त्यसो त यो कुनै पालिका, जिल्ला, प्रदेश वा केन्द्रको मात्र समस्या होइन । यो न कुनै चौहद्दीभित्र सीमित छ न त कस्तै छेकबारले थुनिएको छ । कृषिवस्तुमा आत्मनिर्भर नेपाली अर्थतन्त्र अहिले सम्पूर्णरुपमा परनिर्भर हुन थालेको छ । अर्थतन्त्र अहिले रेमिट्यान्सले धानेको छ भने उब्जाउ भूमि बाँझिएको छ । सक्षम जनशक्ति बिदेशी भूमिमा पसिनासँगै जीवन साटिरहेको छ भने यहाँ रहेका आश्रितको भरमा निर्बाहमुखी कृषि कर्म गरिँदैछ ।

पछिल्लो समय सरकारले कृषिलाई व्यावसायमुखी बनाउने उद्देश्यले विशेष क्षेत्र घोषणा गरेको छ । माटो, हावापानी, भूमिको अवस्थाको आधारमा धान, मकै, तरकारी र फलफूल जोनमा वर्गीकरण गर्दै कृषि कर्ममा सहुलियत दिने नीति लिएको छ । यद्यपि यो योजना पनि व्यवस्थापनको अभावमा सफल छैन । उत्पादित वस्तु बजारसम्म पुऱ्याउन नसकेर त कतै लागतको आधारमा मूल्य नपाएर किसान अझै उत्साहित हुन सकेका छैनन् । मानिसमा शहरमुखी मानसिकता बढ्दै गएको छ,जसको परिणाम नयाँ बजारसँगै अव्यवस्थित शहर बढ्दैछ । झापा जिल्लाको सबैभन्दा ठूलो कन्काई नदीले बर्षेनी खेतिहर जमिन बगाउँदा नदी किनारका बासिन्दा आजित भएका छन् भने स्थानीयदेखि केन्द्रीय सरकारले यसको ब्यवस्थापनमा चासो देखाएको छैन । यस्तो बिरोधाभास अबस्थामा पनि किसानले कर्म गरिरहेकै छन् । यस्तोमा जसोतसो लगाएको बाली बेच्न नपाउँदा पीडामाथि पीडा थपिएको छ किसानलाई ।

झण्डै सवा महिना भयो, घरभित्र बसेको । सरकारको आदेशको पालना गरेर घरभित्र बसेको लामो समय हुँदा चुल्हो चिसिएको छ । बजारमा उपभोग्य वस्तुको मूल्य आकाशिएको छ । त्यो पनि निर्धारित समयमा मात्रै किन्न पाइन्छ । अनेक असुबिधाका बीच पनि आफ्नै लागि हो भनेर पीडा सहेका नेपाली अझै धैर्य गर्न तयार छन् । तर सरकारले बाँच्न पाउने अवस्था भने सुरक्षित गरिदिनु पर्दछ । एकातिर उत्पादित वस्तु बिक्री गर्न नपाएर खेतबारीमा नष्ट भएको छ भने अर्कातिर उपभोक्ताले किनेर खान पाएका छैनन् । त्यसो हुँदा स्थानीय सरकार र जनप्रतिनिधिले घरभित्र लुकेर बस्नु हुँदैन । आफूलाई सेवक भनेर चुनाब जितेका वडादेखि ससंदसम्मका प्रतिनिधिले खासगरी निम्न तथा विपन्न वर्गको जीवन रक्षाका लागि अहोरात्र खटिनु पर्छ । उनैले बजार नपाई निराश भएका किसानलाई बजारको पहुँचमा पुऱ्याउनु पर्छ ।

कन्काई किनारमा खर्बुजो खेती गर्ने किसान हुन् वा ग्रामीण क्षेत्रका किसान हुन् सबैको कर्म त्यत्तिकै महत्वको छ । महामारीले गालेको अर्थ व्यवस्थालाई उठाउन होस् वा जनताको जीवनको रक्षा गर्न कृषि कर्मलाई संरक्षण र सम्बर्द्धन गर्नैपर्छ । आखिर मानिसलाई सबैभन्दा ठूलो कुरा बाँच्नु नै रहेछ यो विश्वब्यापी भएको महामारीले पुष्टि गरेको छ । त्यसैले पनि र यही आतंकले स्थापित गरेको प्रकृतितर्फ नै फर्क भन्ने सत्यलाई स्वीकार गरी मानवजाति र सभ्यताको संरक्षण गर्नुपर्छ भन्ने तत्वबोध हामी सबैमा होस् । यसभन्दा बढी बिदेशिएका युवावर्गलाई रोकेर उत्पादनको क्षेत्रमा सक्रिय बनाउने दिशातर्फ सरकारको गम्भीर क्रियाशीलता यो महामारीको शिक्षा बनियोस् ।

# कोरोना आतंक र नेपालका राजनीतिक दल



लक्ष्मी उप्रेती

विश्व यतिखेर नोवल कोरोना भाइरस कोभिड १९ का संक्रमणबाट थलिएको छ । अर्थतन्त्र डामाडोल छ । कलकारखाना, उद्योग, शैक्षक संस्था, व्यापार लगायत सवैक्षेत्र बन्द छन् । विश्व लकडाउनको अवस्थामा छ ।

यो लेख तयार पार्दासम्म नोवल कोरोना भाइरस कोभिड १९ संक्रमणका कारण विश्वभर २ लाख ६ हजार ४ सय ९५ जनाको मृत्यु भइसकेको छ । २९ लाख ७० हजार ७ सय ५ जना संक्रमित छन् भने उपचारपछि ८ लाख ६५ हजार ५ सय ४९ जना निको भएका समाचार विभिन्न सञ्चारमाध्यमहरुले लेखेका छन् । यो भाइरसका कारण आफूलाई ठूलो शक्ति र धनी राष्ट्र भन्नेहरु समेतले धेरै मानवीय क्षति व्यहोर्नु परिरहेको छ ।

भाइरसका कारण सबैभन्दा बढी प्रभावित अमेरिकामा अहिलेसम्म ९ लाख ६४ हजार ९ सय ३७ जना संक्रमित भएका छन् भने ५४ हजार ८ सय ६५ जनाको मृत्यु भएको छ । अमेरिकामा उपचारबाट एक लाख ६ हजार ९ सय ८५ जना निको भएका छन् । अमेरिकापछि सबैभन्दा बढी प्रभावित इटलीमा संक्रमित संख्या एक लाख ९७ हजार ६ सय ७५ र मृतक संख्या २६ हजार ६ सय ४४ पुगेको छ । यहाँ ६४ हजार ९ सय २८ जना निको भएका छन् ।

न्यूयोर्कमा मात्र १७ हजार २ सय ८० जनाको मृत्यु हुँदा स्पेनमा २ लाख २६ हजार ६ सय २९ जना संक्रमित भएका छन् र २३ हजार १ सय ९० जनाको मृत्यु भएको छ । यस्तै एक लाख १७ हजार ७ सय २७ जना निको भएका राष्ट्रिय अन्तर्राराष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन् । फ्रान्स, बेलायत जर्मनी भारतलगायत थुप्रै देशहरुमा यसको संक्रमण र मृत्य हुने दर बढी रहेको छ ।

यसबाट नेपाल समेत अछुतो रहेन । नेपालमा अहिलेसम्म ५२ जनामा यसको संक्रमण पुष्टि भएको छ भने १६ जना निको भएर घर फर्किएका छन् । नोवल कोरोना भाइरस कोभिड -१९ को संक्रमणको जोखिमबाट अझै पनि नेपाल ढुक्क हुने अवस्था छैन् । शायद यहि भएर होला गत चैत ११ गतेदेखि लागू हुने गरी सरकारले नोवल कोरोना भाइरस कोभिड -१९ को रोकथाम तथा नियन्त्रणका लागि भन्दै एकसाताका लागि देशव्यापी लकडाउन गर्ने निर्णय गरेको थियो । पटकपटक गरेर बैशाख १५ गतेसम्मको लकडाउनअवधि अहिले बैशाख २५ गतेसम्म पुऱ्याउने मन्त्रिपरिषदले निर्णय गरेको होला । सरकारले सीमा नाकामा मानवीय आवतजावत ३१ गतेसम्म, हवाई उडान जेठ २ गतेसम्म बन्द गरेको छ ।

मन्त्रिपरिषद्को बैठकले गरेको यो निर्णयले पनि प्रष्ट हुन्छ कि नोवल कोरोना भाइरस कोभिड -१९ को जोखिम नेपालमा कायमै रहेको छ भन्ने । २०७६ सालको चैत ११ गतेदेखि लकडाउन गरिरहेको सरकारले आइतबार तेस्रोपटक थपेर वैसाख २५ गतेसम्मका लागि लकडाउन घोषणा गरेको छ ।

पाँच वर्षअघि गोरखा जिल्लाको बारपाकमा केन्द्रबिन्दु भई भूकम्प जाँदा नेपालले अकल्पनीय मानवीय र भौतिक क्षति व्यहोर्नु परेको थियो । भूकम्पबाट ८ हजार ७ सय ९० जनाले ज्यान गुमाउनु पऱ्यो । महाभूकम्पका कारण २२ हजार ३ सय मानिस घाइते हुँदा ८० लाख जनता प्रभावित हुन पुगेको घटना अझै ताजै छ ।

भूकम्पबाट आठ लाखभन्दा बढी घर पूर्णरुपमा क्षति भए, शैक्षिक संस्था, स्वास्थ्य संस्था, पुरातात्विक महत्वका सम्पदाहरु, सरकारी भवन, सुरक्षा निकायको भवन, खानेपानीलगायतका पूर्वाधारमा मात्र होइन कृषि, सिँचाइ वाणिज्य, उद्योग, सञ्चार, सडक, पर्यटन लगायतका थुप्रै क्षेत्रमा पनि ठूलो मात्रामा क्षति पुगेको थियो ।

विपद्पछिको आवश्यकता आंकलन प्रतिवेदन (पीडीएनए)का अनुसार भूकम्पबाट ७ खर्ब ६ अर्ब रुपैयाँ बराबरको क्षति भएको र क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणको लागि ६ खर्ब ६९ अर्ब रुपैयाँको प्रारम्भिक लागत अनुमान गरिएको थियो । अझै पनि थुप्रै संरचना निर्माणको पर्खाइमा छन् । धेरै भूकम्प पीडितहरु सरकारको राहतको पर्खाइमा बसेका छन् । थुप्रैको अहिले पनि घाम पानी बाहिर जाने अवस्था छैन् । दुखकष्टका साथ पाँच वर्षसम्म जीवन गुजारिरहेका छन् । भूकम्पका कारण थलिएको नेपाल अलि तङरिन मात्र के लागेको थियो कोरोनाले फेरि लडायो । छोटो शब्दमा भन्ने हो भने कोरोना, भूकम्पलगायतका कारण नेपाल अहिले विपद्को घडीमा छ ।

यस्तो वेलामा यो संकट र कष्टबाट देशलाई माथि उठाउनु पर्ने जनतालाई राहत दिनुपर्नेमा अहिले यो देशको राष्ट्रिय राजनीति हेर्दा लाग्छ 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने पुरानो उखान चरितार्थ बनेको छ । देशको पछिल्ला केही राजनीतिक घटनाक्रमले पनि यसलाई पुष्टि गरेको छ । चाहे सत्ताको बागडोर सम्हालेका सत्तासीन दल होस् वा आफूलाई लोकतान्त्रिक पार्टी भन्न रुचाउने प्रमुख प्रतिपक्ष दल नै किन नहोस जनताप्रति उत्तरदायी कोही पनि बन्न सकेनन् यो विपद् र संकटका बखत ।




नोवल कोरोना भाइरस कोभिड -१९ को महामारीबाट देशलाई कसरी जोगाउने भन्ने चिन्तामा केन्द्रित नभई आफ्नो कुर्सी कसरी जोगाउने भन्ने चिन्ता छ अहिले यो देशका राजनीतिक दलका नेताहरुलाई । कोभिड -१९ को महामारीले विश्वसहित नेपाललाई आक्रान्त पारिरहेको बेला सरकार तथा सरकारको नेतृत्व गरिरहेको पार्टी प्रमुख प्रतिपक्ष दल लगायत सवै राजनीतिक दलहरुको ध्यान महामारीको संक्रमण विरुद्ध लड्ने काममा केन्द्रित हुनुपर्छ भन्ने नेपाली जनताको आग्रह हो । यस्तो विषम् परिस्थितिमा सरकारसहित अन्य राजनीतिक दलहरु आफ्नो मूल जिम्मेवारीबाट अन्यत्र मोडिन शायद मिल्दैन होला र मोडिनु पनि हुँदैन भन्ने ठम्मयाई हो । अहिले देशको सम्पूर्ण ध्यान कोरोना भाइरसको संक्रमणबाट उत्पन्न हुने जोखिम कम गर्नेमा केन्द्रित हुनुपर्छ कि पर्दैन ? सरकार र यो देशका राजनीति दलको प्राथमिकता पनि त्यही हुनुपर्ने कि पर्दैन ? एकपटक यता पनि सरकार र दलहरुले सोच्नै पर्छ ।

तर, पछिल्ला केही घटना क्रमले सरकार कसरी गिराउने र आफू कसरी सत्तामा पुग्ने वाहेक नेपालका राजनीतिक दलले अरु सवै कुरा बिर्से । सत्ताको बागडोर सम्हालेर सरकारको नेतृत्व गरिरहेको दललाई गिराएर आफू सरकारमा पुग्ने खेल खेल्नु प्रतिपक्ष दलको त कामै हो भने पनि हुन्छ । सरकारी दलले पनि प्रतिपक्षलाई सधै शत्रुको व्यवहार गर्नु आफ्नो धर्म ठान्ने परम्परा नेपालमा नयाँ होइन । तर, अहिले त सत्तामा पुगेको दल नेपाल कम्युनिष्ट पार्टी नेकपाभित्रै सरकार लडाउने र पार्टी अध्यक्ष तथा प्रधानमन्त्री खड्गप्रसाद केपी ओलीलाई पदच्युत गरेर प्रधानमन्त्रीको कुर्सीमा पुग्ने होडवाजी नै चलेको छ भन्दा खासै अत्युक्ति नहोला । पूर्व प्रधानमन्त्री तथा वरिष्ठ नेता माधवकुमार नेपालले अध्यादेश फिर्ता लिन प्रधानमन्त्री ओलीलाई सुझाव दिँदै भनेका थिए -'राजनीतिक दलसम्बन्धी अध्यादेश फिर्ता लिँदा तत्काललाई पार्टीभित्रको दुर्घटना टर्ने पनि छ । ' यो उनको भनाइले पनि अनुमान गर्न सकिन्छ कि ओली नेतृत्वको सरकार र पार्टीका नेताहरुबीचको सम्बन्ध कहिँ कतै चिसिएको छ र सरकार र पार्टीभित्रको तिक्तता पनि रहेछ भन्ने ।

पूर्व प्रधानमन्त्रीहरु पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल, पूर्व गृहमन्त्री बामदेव गौतम जस्ता नेताहरु आफू प्रधानमन्त्री हुनका लागि तँछाड-मछाड गरिरहेका छन् । तर उनीहरुले बिर्से पनि यो देशका पौने तीन करोड नेपाली जनताले बिर्सेका छैनन् उनीहरुको शासन सत्ता र भोगेका पनि छन् । यी सवै प्रधानमन्त्री भइसकेका व्यक्ति हुन् । जतिबेला आफू सत्तामा थिए त्यसबेला नेपाली जनताका लागि उनीहरुले के गरे सबै थाहा नै छ । अहिले फेरि के गर्न उनीहरुलाई सत्ताको बागडोर र प्रधानमन्त्रीको कुर्सी चाँहियो ? नेपाली जनता प्रश्न गरिरहेका छन् । कम्युनिष्ट पार्टीको पहिलो निर्वाचित प्रधानमन्त्री स्वर्गीय मनमोहन अधिकारीले नौ महिनेकालमा गरेका उपलब्धिमुलक कामहरुलाई जनतासामु देखाएर अहिले कम्युनिष्ट नेताहरु भोट मागिरहेका छन र चुनाव जिती पनि रहेका छन् । पूर्व प्रधानमन्त्री स्वर्गीय अधिकारीका पालामा भएका राम्रा कामहरु नै अहिलेका कम्युनिष्ट नेताहरुले जनतालाई बेचिरहेका छन् ।

अध्यादेश प्रकरण, प्रधानमन्त्रीकै निर्देशनमा सांसदको 'अपहरण' नेपाल प्रहरीका पूर्व प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र नेकपाका नेता सांसद महेश बस्नेतलाई अब के पुरस्कार दिने प्रधानमन्त्रीज्यू ? उनीहरुलाई अपहरणको मुद्दा किन नलगाउने ? यी प्रश्न धेरैले प्रधानमन्त्री केपी ओलीमाथ तेर्स्याँरहेका छन् । अर्काको पार्टी फुटाउनका लागि प्रधानमन्त्रीकै निर्देशनमा सांसदको 'अपहरण' गरिएको भनेर निक्कै आलोचित बनिरहेको ओली सरकारको चर्चा प्रशस्त सुनिन थालिएको छ । यी र यस्तै विषयले अहिले प्रधानमन्त्री ओली निक्कै आलोचित बनिरहेका मात्र छैनन् उनको राजीनामाको मागसमेत शुरु भएको छ । उनी माथि नैतिक प्रश्न उठेको छ ।

दुई तिहाइको कम्युनिष्ट पार्टीको सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री ओली यतिखेर आफ्नै पार्टीभित्र अल्पमतमा परिसकेको चर्चा पनि शुरु भएको छ । सरकारले हतार-हतार गरेर दुई राजनीतिक दल विभाजनसम्बन्धी र संवैधानिक आयोग गठनसम्बन्धी अध्यादेश जारी गरेपछि उनी आफ्नै पार्टीभित्र पनि आलोचित भए । उनको निक्कै विरोध भयो ।

प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले त त्यसैका लागि आकष्मिक केन्द्रीय पदाधिकारी बैठपछि तीन बुँदे निर्णय नै गऱ्यो । सरकारले ल्याएका दुई अध्यादेशलाई संविधान असफल पार्ने खेल, संविधानको मर्म र भावना विपरीत अधिनायकवादी सोचका साथ ल्याइएको अध्यादेशलाई जनताको जीवनप्रतिको उदाशीन ब्यवहार र लोकतान्त्रिक संविधानका लागि अशुभ संकेतका रूपमा लिँदै भत्सर्ना गऱ्यो । अन्ततः पार्टीभित्र र बाहिरबाट चर्को विरोध आएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेश फिर्ता लिए । यसले पनि उनलाई कमजोर बनायो । ९० घण्टा पनि टिक्न नसक्ने अध्यादेश किन ल्याउनु ?

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का सांसदद्वय महेश बस्नेत र किसान श्रेष्ठ तथा पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनालविरुद्ध अपहरण तथा शरीर बन्धकको मुद्दा दर्ता गर्न जनता समाजवादी पार्टीका नेताहरु प्रहरीमा पुगेका थिए । सांसद एवम् पूर्व स्वास्थ्यमन्त्री सुरेन्द्र यादवसँगै जनता समाजवादी पार्टीका शीर्ष नेताहरु पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, उपेन्द्र यादव, राजेन्द्र महतो लगायत प्रहरीको ढोका ढकढक्याउदैं टेकू पुगे पनि । अब यसले प्रधानमन्त्री केपी ओलीलाई कहाँ पुऱ्याउने हो थाहा छैन् । सांसद डा. सुरेन्द्र यादवलाई जबरजस्ती काठमाडौं ल्याइएको खुलासा भइसकेपछि प्रधानमन्त्री ओलीले यसको जवाफ जनतालाई दिन सकेको भए राम्रो हुन्थ्यो ।

# 'उत्तर कोरियाली नेता किम जीवितै हुनुहुन्छ'

**कोरिया, वैशाख १५।** उत्तर कोरियाली नेता किम जोङ उन स्वस्थ र जिवीतै रहेको दक्षिण कोरियाका एकजना उच्च सुरक्षा सल्लाहकारले जानकारी दिएका छन् ।

पछिल्ला केही दिनयता उत्तर कोरियाली नेता किम गम्भीर रुपमा विरामी रहेको अथवा कतिपयले त उनको निधन भएको भन्नेजस्ता समाचार नै सार्वजनिक गरेको अवस्थामा ती सैन्य अधिकारीले सो कुरा स्पष्ट गरेका हुन् ।

दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनका प्रमुख सुरक्षा सल्लाहकार मुन चुन इनले सोमबार सो जानकारी दिएका हुन् । उनले भने -हाम्रो सरकारको सूचना बलियो छ, उहाँ स्वस्थ्य र जिवीतै हुनुहुन्छ ।

उनले अमेरिकी टेलिभिजन सिएनएनसँगको अन्तर्वार्ताका क्रममा सो जानकारी गराएका हुन् । उत्तर कोरियाली नेता किम त्यहाँको पूर्वी भूभागमा



रहेको वानसन रिसोर्टमा अप्रिल १३ देखि बसेको जानकारी दक्षिण कोरियाली सरकारले पाएको जानकरी उनले बताए ।

यही अप्रिल १५ मा उत्तर कोरियाको एक महत्वपूर्ण कार्यक्रममा उनको उपस्थिति नदेखेपछि विभिन्न देशका मिडिया तथा व्यक्तिले केहीले उनी गम्भीर विरामी रहेको त केहीले उनको निधन नै भइसकेको समाचार बाहिर ल्याएका थिए ।

त्यसदिन नेता किमका हजुरबुबा किम इल सुङको जन्मदिनको अवसरमा उत्तर कोरियामा विशेष कार्यक्रमको आयोजना गरिएको थियो । किम इल सुङ उत्तर कोरियाका संस्थापक रहेका थिए ।

गएको सोमबार दक्षिण कोरियाकै एक दैनिक पत्रिकाले नेता किमको अप्रिल १२ मा मुटुको शल्यक्रिया गरिएको र त्यसपछि उनको स्वास्थ्य अवस्था गम्भीर रहेको बताएको थियो ।

पछि सो पत्रिकाले उत्तर कोरियाको गोप्य स्रोतलाई उद्धृत गर्दै उनको स्वास्थ्यमा सुधार हुँदै गएको उल्लेख गरेको थियो ।

तर पनि उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले भने किमको स्वास्थ्य अवस्था र उनी कहाँ छन् भन्ने बारे केही जानकारी दिएको छैन । किम केही समयदेखि सार्वजनिक रुपमा कार्यक्रमहरुमा देखिएका छैनन् ।

अमेरिकी सञ्चारमाध्यम सिएनएनले पनि गुप्तचर निकायको स्रोतलाई उद्धृत गर्दै शल्यक्रियापछि किमको स्वास्थ्य अवस्था अति गम्भीर रहेको बताएको थियो । तर दक्षिण कोरियाका दुई अधिकारीले सो कुराको सोही समयमा खण्डन गरेका थिए ।

# जापान भ्रमणमा थप १४ राष्ट्रका नागरिकमाथि प्रतिबन्ध

**टोकियो, बैशाख १५।** जापानका प्रधानमन्त्री शिन्जो आबेले रसिया, पेरु र साउदी अरेबिया समेतका थप १४ राष्ट्रका नागरिकलाई आफ्नो देशभित्र प्रवेशमा कडाई गर्ने सोमबार घोषणा गरेका छन् । प्रतिबन्ध घोषणा गरिएका मुलुकमा कोरोनाभाइरसको संक्रमण फैलिएपछि प्रतिबन्ध लगाउनु परेको प्रधानमन्त्री आबेले बताए ।

जापानले यसअघि नै ७० मुलुकका नागरिकलाई जापान प्रवेशमा प्रतिबन्ध लगाइसकेको छ । प्रधानमन्त्री आबेले सरकारको पछिल्लो घोषणा यही बुधबारदेखि लागू हुने जानकारी दिए ।

जापानले यसअघि घोषणा गरिएका मुलुकमाथि लागेको प्रतिबन्ध यही अप्रिल ३० मा सकिँदैछ तर उक्त मितिलाई पनि आगामी मे महिनाको अन्त्यसम्म बढाइएको छ ।



जापानमा आगामी मे ६ सम्मका लागि आपतकालीन स्थितिको घोषणा गरिएको छ । सरकारी अधिकारीहरु र विज्ञहरुले कोरोना संक्रमण रोकथामका लागि हाल अपनाइएका उपायहरु सफल रहे वा नरहेको बारेमा सूक्ष्म विश्लेषण गरिरहेका छन् । जापानको स्वास्थ्य मन्त्रालयका अनुसार जापानमा हासलम्म १३ हजार ३ सय ८५ जना संक्रमित भएका छन् भने तीन सय ६४ जनाको मृत्यु भएको छ ।

# लकडाउनः यसरी काम गर्दैछन् झापाली पत्रकार महिला


प्रस्तुतिः पुष्पा जवेगू लिम्बू

कोरोना भाइरस महामारी रोकथामका निम्ति एकमहिना यता मुलुक यतिबेला लकडाउनको अवस्थामा छ । हालसम्म यसबाट कसैको मृत्यु नभएपनि देशभर संक्रमितको संख्या बढ्दो क्रममा छ । यसबाट झापा पनि अछुतो रहेन । दमक र बाह्रदशिमा गरी दुई संक्रमित फेला परेसँगै उनीहरूको सम्पर्कमा आएका व्यक्तिहरूको खोजी भइरहेको छ । कोरोना भाइरसको जोखिमका बाबजुद् झापाली पत्रकार महिलाहरू स्वास्थ्य सुरक्षा सतर्कता अपनाउदै नागरिकमा सुचना प्रवाह गर्ने कार्यलाई निरन्तरता दिईरहेका छन् । कोरोना संकटका बेला उनीहरू कसरी काममा खटिरहेका छन् ?

**भीमा शिवाकोटीः उपाध्यक्ष**
**नेपाल पत्रकार महासंघ झापा**
**कार्यक्रम प्रस्तोताः कञ्चनजंघा एफएम**



यो कठिन परीस्थीति पत्रकार मात्रलाई हैन । स्वास्थ्यकर्मी , सुरक्षाकर्मी लगायत सम्पूर्ण मानीसहरुका अगाडि कठीन परीस्थिति आएको छ । यो दिनमा सवै पत्रकार साथीहरुलाई कठिन छ , प्रिन्ट मिडियाहरु पूर्ण रुपमा बन्द भएको अवस्था छ । सवैले बुझ्नुपर्ने कुरा के हो भने यो हामीले बिगतमा व्यहोरेको आन्दोलन जस्तो होइन , एउटा भाईरससँग लड्ने समय हो । जसले बिश्वभरी नै लाखौं मानिसको ज्यान लिइसकेको छ । जो व्यक्ति घरमा बढी बस्न सक्यो, त्यहीँ मात्र ऊ मात्र रोगबाट बच्न सक्छ ।

तर हाम्रो जीम्मेवारी आम नागरिकमा सूचना प्रवाह गर्नु पनि छ । यसो भनिरहँदा सूचना प्रवाहसँगै अझ महत्वपूर्ण पाटो आफू बाँच्ने र परिवारसँगै समुदायलाई पनि बचाउने भएको हुँदा सुरक्षा सतर्कता अपनाएर नै रिपोर्टिङ गरिरहेकी छु । सकेसम्म स्टेशनमै रहेर फोनबाट धेरै कार्यक्रमहरु रेकर्ड गरिरहेका छौँ । जिल्लाभरिका सूचनाहरु सम्बन्धित व्यक्ति र निकायबाट अधिकांश फोनबाटै लिने काम गरीरहेका छौँ ।

**राधा खनाल : सम्वाददाता**
**अन्नपूर्णपोष्ट राष्ट्रिय दैनिक**



जस्तोसुकै अवस्थामा जनतामा सही सूचना प्रवाह गर्नु हामी पत्रकारहरुको धर्म हो । त्यसैले जोखिमका बावजुद् आजभोलि सीमा क्षेत्रको फिल्ड रिपोर्टिङ्गमा दिन बित्छ , यद्यपि आफूलाई कसरी सुरक्षित राख्ने भन्ने कुरामा सजग नै छु । शुरुदेखि नै एन ९५ मास्कको प्रयोग गरिरहेकी छु भने अनिवार्य ह्याण्ड सेनीटाईजर साथमा राख्ने गरेकी छु । दिनभर फिल्ड रिपोर्टिङमा हुने भएकाले बेलुकी घर फर्कदा रोग सर्ने पो हो कि ? भन्ने परिवारमा चिन्ता थपिएको छ । हामीजस्ता श्रमजीवी महिला पत्रकारका लागि पत्रकार महासंघले पनि आवश्यक स्वास्थ्य सुरक्षा सामाग्रीको समान रुपमा व्यबस्था गरिदिए राहत मिल्ने थियो ।

**रेजीना गौतम (रोदन)**
**सदस्यः नेपाल पत्रकारमहासंघ प्रदेश १ समिति**
**सम्पादकः जनआन्दोलन साप्ताहिक**



जहाँसम्म लकडाउन र पत्रकारिताको कुरा छ, अहिले पत्रिकाहरु बन्द अवस्थामा छन् । तर, हामीले जनआन्दोलन साप्ताहिक पत्रिकाको अनलाईन संस्करण जनआन्दोलन डटकम आधिकारिक रुपमा सञ्चालन गरिरहेका छौं । अनलाईन पत्रिकाहरुलाई जनमानसले नपत्याई रहेको बेला कोरोनाले अनलाइन पत्रिकालाई सञ्चारको एउटा दर्विलो माध्यमका रुपमा उभ्याइदिएको पनि अनुभूत भएको छ ।

दैनिक रुपमा म अफिसमै आएर अनलाइनमा समाचार लेख्ने र पोष्ट गर्ने गर्छु । समाचारका स्रोतहरु भने खोज्नैपर्ने हुन्छ । तर पहिले हामी फिल्डमै नपुगी पत्रकारिता हुन्छ जस्तो लाग्दैनथ्यो । अहिलेको अवस्थाले त्यो होइन रहेछ भन्ने पनि बुझायो ।

समाचारको विषयवस्तुलाई चिनेर स्रोतका लागि टेलिफोनबाटै पनि चल्दो रहेछ । तपाई हामी त्यही अनुभव गरिरहेका छौं । म पनि त्यही काम गरिरहेको छु । यसले जनसम्पर्कमा अझ बढावा ल्याउँदो रहेछ ।

**सुशिला संग्रौला : कार्य समिति सदस्य**
**नेपाल पत्रकार महासंघ, झापा**
**सम्पादकः न्यू मेची टाईम्स दैनिक**



बिश्व अहिले कोरोना भाइरसले आक्रान्त बनेको बेला नेपाल पनि अछुतो रहेन र यो बेला आफू बहिर निस्किनु भनेको आफैंलाई चुनौति दिनु हो । त्यसैले म अहिले सामाजिक दुरी कायम गर्दै घरैबाट अनलाइन चलाउँदै छु । अहिले सबैजसो पेपर बन्द छन ।

**मनिषा चम्लागाई : झापा सम्वाददाता**
**कारोबार दैनिक/सहसम्पादक, प्रतिदिन दैनिक**



देश लकडाउनमा भएपनि सञ्चारकर्मी भएपछि सूचना प्रवाहमा कुनै लकडाउन हुनुहुँदैन भन्ने मलाई लाग्छ । समाचार संकल्न गर्नु, प्रकाशन गर्नु पत्रकारको कर्तव्य हो । अझ यो जोखिमपूर्ण अवस्थामा नागरिकलाई सुसूचित गराउनुपर्ने कर्तव्यबाट पत्रकार टाढा रहनै मिल्दैन । कोरोना संकटमा नागरिकका कष्टमा पत्रकारको भूमिका अग्रपंक्तिमा हुन्छ । तर, पनि मनोवैज्ञानिक रूपमा त्रास भने भइरहन्छ । मेरा लागि ६ वर्षे पत्रकारिता अनुभवमा यो समय भने निकै कठिन छ । यद्यपि नागरिकले भोगिरहेको समस्याको सहजीकरणका लागि सम्वाहकको भूमिका रहँदा भने खुशी लाग्छ ।

कोरोनाको जोखिमबीच साविक अवस्था झैं फिल्डमा पुग्न सहज छैन । उपलब्ध भएसम्म सावधानीका विधि अपनाएर रिपोर्टिङ गरिरहेको छु । म आबद्ध सञ्चार माध्यमले घरैबाट काम गर्ने सुविधा त दिएको छ । तर, सत्यतथ्य समाचारका लागि फिल्डमै पुग्नुको विकल्प भने छैन । आर्थिक बीटमा पत्रकारिता गर्दै आएकी मलाई कोरोना कहरकाबीच समाजको आर्थिक अवस्था, उद्योग क्षेत्रका बारे सूचित गराउन थप कठिन छ । समाजको आर्थिक अवस्था, व्यापारघाटा, खस्कँदो कृषि क्षेत्रलाई प्रकाशन गर्दा नकारात्मक टिप्पणि खेप्नुपर्ने अवस्था पनि आउँछ । रिपोर्टिङका क्रममा पुग्ने जिल्लाका चिया बगान, कृषि फार्म, उद्योगधन्दालगायत क्षेत्रमा कोरोनाको त्रासले आम नागरिकको जनजीवन कष्टकर बन्दै गएको छ । कोरोनाका कारण हजारौं मजदुरले रोजिरोटी गुमाएका छन् ।

अहिले रिपोर्टिङको अनुभव पनि दुखलाग्दो छ । निम्न वर्गीय नागरिकले लकडाउनको शुरुवाती दिनमा पाएको राहत सकिएको छ । भोक र सोकले नागरिक अत्तालिएका छन् । हामी रिपोर्टिङमा पुग्दा गुनासो पोख्छन्, उनीहरुको पीडा हामी प्रकाशन पनि गर्छौं, ती नै नागरिकले पुनः सोही आवाज दोह्रोऱ्याएको देख्दा भने निरीह बने झैं लाग्छ । लकडाउनले शहर पूर्णरुपमा बन्द छ । सबै खाजा घर बन्द छन् । फिल्डमा जाँदा भोकै कुद्नु पर्ने अवस्था पनि छ । एक भोको व्यक्तिले भोकाहरुको रिपोर्टिङ गर्न देखेजस्तो सहज छैन । यस विषम परिस्थितिमा सबैसँग भेट गरेर कुरा गर्न पनि समस्या हुने गरेको छ । जसले गर्दा टेलिफोन, म्यासेन्जर, भाइबरलाई पनि माध्यम बनाएर काम गरिरहेको छु ।

**भारती राई : सम्बाददाता हिमालय टेलिभिजन**



लकडाउन शुरु भएदेखि फिल्ड रिपोर्टिङका लागी स्वास्थ्यमा उत्पन्न हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै घरमै बसेर सामाजिक सञ्जाल लगायतका माध्यमबाट जनचेतना जगाउने कार्यमा आफूले सक्ने भूमिका सक्रिय रुपमा निर्वाह गरीरहेकी छु । अहिलेको अवस्थामा बाहिर निस्केर काम गर्ने अवस्था रहेन । त्यसैले आफू सुरक्षित रहेर आम जनमानसमा कसरी सुरक्षित रहन सकिन्छ भन्ने सन्देश प्रवाह गर्ने गरेकी छु ।

**भूमिका सुब्बा फियाक : केन्द्रीय सदस्य**
**लिम्बू पत्रकार संघ**



कोरोना भाइरसले गर्दा देश लकडाउनमा छ । कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि लकडाउन भएकोले फिल्डमा नै गएर समाचार संकलन गरिरहेकी छैन । लकडाउनको पालना गरेर बढी घरमा नै बस्ने, घरबाट नै सूचना लिने र समाचार तयार गर्ने गरिरहेको छु । विशेषत : बाहिर निस्किँदा आफ्नो सुरक्षाको कुरा पनि आउँछ ।

पत्रकारहरु पनि संक्रमित एरियातिर समाचार संकलन गर्न जाँदा उनीहरुका लागि पनि आवश्यक सुरक्षा व्यवस्थाको आवश्यक छ ।

ताकि सही सूचना प्रवाह गर्नका लागि स्थलगत अवलोकन र अध्ययनको आवश्यक भएकोले पत्रकारहरुका लागि पनि सुरक्षा व्यवस्था गर्न आवश्यक छ ।

**मेनुका राउत : एभिन्युज टेलिभिजन**



म घरबाटै सुरक्षा अपनाउँन शुरु गर्छु, घरबाट निस्कन अघि मास्क र स्यानिटाईजर अनिवार्य लगाउँछु । कार्यलय जादाँ म कोही बाहिरी व्यक्तिको सम्पर्कमा पुग्दिन, कार्यालयको सवारी साधनले लाने ल्याउने व्यवस्था गरेको छ । त्यसपछि कार्यालय पुग्दा गेटमै तापक्रम नाप्ने र हात धुने व्यवस्था छ, हाजिरी कक्षमा पुगे पछि फेरि स्यानिटाईजर लगाउँछु । कार्यलयमा पनि हामी निश्चत जनशक्ति मात्र उपस्थित हुन्छौं र सामाजिक दुरी कायम राख्छौं । पहिलो भेटमा हात मिलाउने बानीलाई त्यागेर नमस्कार गर्ने प्रवृत्ति अपनाएको छु । कार्यालय समयमा पनि सबैले मास्क र पञ्जा आवश्यक पर्नेले पिपिई प्रयोग गर्नुहुन्छ । यसरी हरेक क्षेत्रमा सावधानीका साथ हामी खबर सम्प्रेषणमा लागिरहेका छौं ।

**सुष्मा त्रिखत्री : सञ्चालक**
**समृद्ध अनलाईन**



कोरोना महामारीका वावजुद ज्यान जोखिममा राखेर आफ्नो कार्यक्षेत्रमा निरन्तर लागि रहने प्रणका साथ पत्रकारितालाई निरन्तरता दिइरहेको छु र महामारीको कारण आफ्नो जिम्मेवारीबाट पन्छिन पनि सकिँदैन । तर पनि पत्रकारितालाई राज्यको चौथो अंगका रुपमा लिइएको भए पनि यतिका दिनसम्म नेपाल सरकारले पत्रकार र पत्रकारिताको साख जोगाउने संचार गृहका विषयमा एक शब्द पनि नबोल्दा भने दुःख लागेर आउँछ ।

कोरोना भाईरसबाट बिश्वका शक्तिशाली मुलुकहरु समेत घुँडा टेकिरहेको अवस्थामा नेपाल जस्तो बिकासोन्मुख मुलुकका निम्ति लकडाउनबाहेक अरु कुनै उपयुक्त बिकल्प देखिँदैन । त्यसैले संकटको परिस्थीतिलाई सामना गर्दै लकडाउनको पूर्ण पालना गर्नु नै सवैको भलाई हुनु हो । फिल्डमा काम गर्ने पत्रकारहरुका हकमा सरोकारवाला निकायले बेलैमा ध्यान दिन जरुरी छ । यो बेला घरमै बसेर अन्य माध्यमबाट आवश्यक सूचना संकलन गरी आफ्नो कामलाई निरन्तरता दिन सकिने भएकाले जोखिमलाई पन्छाउँदै संकटग्रस्त अवस्था सामना गर्नु अर्थपूर्ण रहनेछ ।


**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३–५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३–५४६६८३/९८२६९२०००१
इलामः ०२७–५२०१४०/९८२६९२०००२

**हिजोको सूनचाँदीको भाउ**

छापावाला सुन : ७७,०००।–
तेजावी सुन : ७६,७००।–
असल चाँदी : ७२५।–

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७, ९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः– ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३–५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३–५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** पहिलेको कमजोरी सार्वजनिक हुनाले प्रतिष्ठामा केही बाधा पर्न सक्छ । सामान्य विवादमा परिए पनि विशेष जिम्मेवारी हातलागी हुने समय छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पुरुषार्थी काम गर्दै लाभ उठाउन सकिनेछ । स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला । मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** कर्मयोगद्वारा जीवनशैलीमा सुधार ल्याउन सफल भइनेछ । विशेष अवसरले दैनिकीमा परिवर्तन आउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अरूका काममा केही समय बित्नेछ तापनि मिहिनेत गर्दा चिताएको काम बनाउन सकिनेछ । नयाँ काम प्रारम्भ हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आम्दानी पनि बढ्नेछ । उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ । अध्यात्मभाव जागृत हुनुका साथै परोपकारी काममा प्रवृत्त भइनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । दौडधुपमै समय बित्नेछ भने आँटेको काम स्थगित हुन सक्छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ । अध्ययनमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ । मनोरञ्जनमा अलमलिनुपर्दा लक्ष्य प्राप्त गर्न समय लाग्नेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक सुविधा बढ्नेछ भने रमाइला क्षणको आनन्द प्राप्त हुनेछ । साथीभाइको आगमनले काममा उत्साह जाग्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** रमाइला ठाउँको भ्रमण गर्ने अवसर प्राप्त हुनेछ । आतिथ्यपूर्ण सम्मान पनि प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आफन्तसँग विवाद हुन सक्छ । कमजोरीले चिन्ता बढाउन सक्छ । बाध्यतामा अलमलिनुपर्दा चिताएको काम रोकिन सक्छ ।